**एघारौँ महाधिवेशन** (**मङ्सिर** २७-२९ ) **काठमाडौँमा गर्ने ।**

प्रतिनिधि चयन मङ्सिर १३ गते ।
विवरण १५ गते भित्रमा पठाइसक्ने ।
प्रतिनिधिसभा निर्वाचन क्षेत्रलाई आधार मानी प्रति १२०० सदस्य खुल्ला २ र महिला १, एक त्यसपछि १ युवा ( ४० वर्ष मुनि)
त्यसपछि प्रति ८ सय १ प्रतिनिधि ( महिला) ।
दोस्रो र तेस्रो खुला, चौथो महिला ।
दलितमा प्रति ५ सय १ प्रतिनिधि ।
ट्रेड युनियनमा प्रदेशबाट २ः ५ गरी ७ जना प्रतिनिधि ।
जनसङ्गठनमा ५, महासङ्घीयमा ७ ।
प्रदेश कमिटी - ३ः २
विभाग र कार्यालयबाट १/१ जना ।
प्रवासबाट महादेश अनुसार ५ ( ३ः२)
पदेन
केक ३५४
अनुशासन २९
लेखा ३०
निर्वाचन २५
सल्लाहकार २५
जम्मा - ४६४

६६७६३० सदस्यमध्येबाट
प्रदेश ४५
प्रतिनिधिसभाबाट निर्वाचित ९७० (करिब)
विशेष जिल्लाबाट ४७
दलित ८१
ट्रेड युनियन ४९
प्रवास ३०
केन्द्रीय विभाग र कार्यालय ३३
जनसङ्गठन १२७
अनुमानित १८५६ प्लस ५ प्रतिशत मनोनयन २१ सय ।

जनभेला/प्रदर्शन
वडा भेला २२ गते
पालिका प्रदर्शन २५ गते
जिल्लामा जनसभा २९
काठमाडौँ जनसभा मङ्सिर ६ गते

**केन्द्रीय सचिवालयको ५९ औं बैठकबाट पारित प्रस्तावहरू**

१. नेकपा (एमाले) केन्द्रीय कमिटीका सदस्य एवं नेपाल ट्रेड युनियन महासङ्घका उपाध्यक्ष कमरेड कमल गौतमको विभिन्न औद्योगिक प्रतिष्ठानहरूमा गरिएको विद्युत् कटौतीका कारण सिर्जित समस्या सम्बन्धमा आयोजित धर्ना कार्यक्रममा श्रमिकको पक्षमा बोल्दाबोल्दै यही कार्तिक १३ गते भैरहवामा भएको अकल्पनीय निधनबाट पार्टी स्तब्ध भएको छ । २०१९ मङ्सिर १४ गते गुल्मीको जुभुङमा बुबा खेमराज गौतम र आमा पार्वता गौतमको साइलो सन्तानका रूपमा जन्मिनुभएका र पाल्पा भैरवस्थानमा हुर्किनुभएका कमल गौतमले विद्यार्थी आन्दोलन एवं ट्रेड युनियन आन्दोलनमा गर्नुभएको योगदान महत्वपूर्ण रहेको छ । सर्लाहीमा अध्ययनरत रहँदा अनेरास्ववियु जिल्ला अध्यक्षका रूपमा निर्वाचित उहाँले रूपन्देही जिल्ला कमिटीमा पनि अध्यक्षका रूपमा नेतृत्व गर्नुभएको थियो । श्रमिक आन्दोलनमा जोडिएपछि उहाँले रिक्सा मजदुर, भूमिहीन श्रमिक, निजी विद्यालयका शिक्षक, स्वास्थ्यकर्मी र सौन्दर्यकर्मी लगायत क्षेत्रका श्रमिकहरूलाई सङ्गठित गर्ने, आन्दोलित गर्ने एवं उनीहरूका अधिकार स्थापित गर्न गर्नुभएको भूमिका सधैंभरि सम्मानित रहनेछ ।
बुटवल उपमहानगरपालिका वडा नं ३ मा बसोबास गर्दै आउनुभएका कमरेड कमल गौतमका पत्नी बिन्दु गौतम एवं दुई छोराहरू निरज र सुरज गौतम हुनुहुन्छ ।
केन्द्रीय सचिवालयको यो बैठक पार्टीका निष्ठावान, जुझारू एवं श्रमिक नेता कमरेड कमल गौतमप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

२. प्रेस चौतारी नेपालका अध्यक्ष श्री गणेश पाण्डेको बेँसीशहर-८ लमजुङमा अवस्थित घरमा कार्तिक १३ गते राति गरिएको गुण्डागर्दी र ढुङ्गामुढाको भर्त्सना गर्दै दोषीहरूमाथि कडा सजायको माग गर्दछ ।

३. डेडिकेटेड फिडर र ट्रङ्कलाईन महसुल विवादलाई लिएर हालै नेपाल विद्युत् प्राधीकरणले दुई दर्जनभन्दा बढी औद्योगिक प्रतिष्ठानहरूमा विद्युत् कटौती गरेका कारण त्यहाँ कार्यरत हजारौँ श्रमिकहरूको रोजगारी गंभीर रूपले प्रभावित भएको छ । यसबाट दैनिक सयौँ मेगावाट विद्युत् खेरा जानुका साथै सरकारको राजस्व समेत खुम्चिएको छ । विद्युत् महसुल विवाद समाधान आयोग, २०८० को सुझाव विपरीत व्यवसायीहरू र श्रमिकहरूको हित विरूद्ध चालिएको र भदौ २४ गतेको घटनाबाट मारमा परेको अर्थतन्त्रलाई थप सङ्कटमा धकेल्ने गरी चालिएको यस कदमप्रति नेकपा ( एमाले) को गंभीर ध्यानाकर्षण भएको छ । यस समस्याको समाधान वार्ताबाट गर्दै तत्काल श्रमिक र व्यवसायीहरूको हित सुनिश्चित गर्न यो बैठक माग गर्दछ ।

४. सम्मानजनक पारिश्रमिकको व्यवस्था लगायत विषयलाई लिएर लामो समयदेखि नर्सहरूले गरिरहेको आन्दोलनप्रति नेकपा (एमाले) को गंभीर ध्यानाकर्षण भएको छ । स्वास्थ्य क्षेत्र जस्तो संवेदनशील क्षेत्रमा कार्यरत नर्सहरूको यस आन्दोलनले पारिरहेको असरप्रति सम्बद्ध पक्ष गंभीर हुन जरूरी छ । सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी योग्यताका आधारमा पारिश्रमिक सुनिश्चित गर्न र यस समस्याको समाधान वार्ताबाट गर्न यो बैठक सम्बद्ध सबैको ध्यानाकर्षण गर्दैछ ।